# <u>प्रेस विज्ञप्ति- ३३३</u>

# Press Release- 333

**लागु औषध नियन्त्रण ब्यूरो**

**कोटेश्वर, काठमाडौ**

**मितिः २०८०।०३।१७ गते।**

## अवैध लागु औषध कारोबार गर्ने बिदेशी सहित १० जना मानिसहरु पक्राउ

**अवैध लागु औषध कारोवार भईरहेको भन्ने गोप्य सूचनाको आधारमा लागु औषध नियन्त्रण ब्यूरो तथा मातहत शाखा कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले निम्न मिति र स्थानबाट अवैध लागु औषध कारोबार गर्ने निम्नानुसारका ब्यक्तिहरुलाई लागु औषध सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ तथा सम्बन्धित जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको।**

- मिति २०८०।०३।११ गते टर्किस एयरको फ्लाईट नम्बर TK0727 द्वारा काठमाण्डौबाट Turkey, Istanbul हुँदै Zurich, Switzerland प्रस्थान गर्न लागेका मोल्दोभा देशको राहदानी नं. AA1458563 र रोमानिया को राहदानी नं. 059627335 बाह्क बर्ष ४१ को DENIS CUCEREAVII ले साथमा लिई आएको लगेजहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको प्रस्थान होल्ड ब्यागेज एरियाको X-Ray B2, X-Ray Machine मा Screening गर्ने क्रममा उक्त ब्यागेजहरूलाई खोली चेक जाँच गर्दा ब्यागेज भित्रबाट **<u>लागु औषध चरेश ८ किलो ७४० ग्राम</u>** सहित पक्राउ गरी थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०३।१३ गते जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. ९ गौचर काठमाण्डौको भन्सार आयात तर्फको गोदामबाट Republic of Yemen बाट जारी राहदानी नं. 09558757 बाह्क बर्ष ३९ को Mohammed Yahya Abdo Mohammed को साथबाट **<u>लागु औषध खात २० के.जी.</u>** र निज बस्दै आएको का.जि.का.म.न.पा. १७ ठमेल स्थित एक होटेलबाट **<u>खात</u>**को धुलो जस्तो देखिने पदार्थ १ के.जी. १६० ग्राम गरी **<u>जम्मा २१ के.जी. १६० ग्राम</u>** सहित पक्राउ गरी थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०३।१३ गते ला.औ.नि. ब्यूरो, कोटेश्वरबाट खटिएको प्रहरी टोलीले का.जि.का.म.न.पा. ६ बाट जि.झापा शिबसताक्षी न.पा. वडा नं. ७ बस्ने बर्ष ४५ को भानुभक्त लिङ्देनलाई **<u>लागु औषध खैरो हेरोईन ३२ ग्राम र नियन्त्रित लागु औषध नाईट्रोभेट ट्याब्लेट ९</u>** सहित पक्राउ गरी थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०३।१२ गते ला.औ.नि. ब्यूरो, शाखा कार्यालय भैरहवाबाट खटिएको प्रहरी टोलीले जि.रुपन्देही, सांस्कृतिक न.पा. ६ बस्ने बर्ष ३५ को कमामुद्दिन मुसलमानको साथबाट **<u>नियन्त्रित लागु औषध नाईट्रोभेट ट्याब्लेट ५५, स्पास्मो २०० क्याप्सुल र कोरेक्स २ लिटर</u>** सहित पक्राउ गरी ई.प्र.का. लुम्बिनीबाट थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०३।१३ गते ला.औ.नि. ब्यूरो, शाखा कार्यालय विरगंजबाट खटिएको प्रहरी टोलीले जि.पर्सा, बिरगंज म.न.पा. १६ रजत जयन्ती चोकबाट भारत जि.मोतिहारी रक्सौल न.पा. ४ डन्कनरोड बस्ने बर्ष २० को अनिल सिंहको साथबाट **<u>नियन्त्रित लागु औषध नाईट्रोभेट ट्याब्लेट १४७०</u>** सहित पक्राउ गरी व.प्र.का. बिरगंज बिर्ताबाट थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०३।१३ गते ला.औ.नि. व्यूरो, शाखा कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलीले जि. सिरहा, सिरहा न.पा. ८ ट्राफिकचोक बाट ऐ.ऐ. बस्ने बर्ष १९ को मनिष यादव ऐ.ऐ. बस्ने बर्ष २० को बिबेक ठाकुर र ऐ.ऐ. वडा नं. २० बस्ने बर्ष १९ को सत्य नारायण कारक को साथबाट **अवैध लागु औषध खैरो हेरोईन ६२ ग्राम** र डिजिटल तराजु १ थान सहित पक्राउ गरी जि.प्र.का. सिरहामा थप अनुसन्धान भई रहेको।

- मिति २०८०।०३।१४ गते ला.औ.नि. व्यूरो, शाखा कार्यालय नेपालगंजबाट खटिएको प्रहरी टोलीले जि.बाँके नेपालगंज उ.म.न.पा. ११ बिपीचोकबाट ऐ.ऐ बस्ने बर्ष रन्जत खान र ऐ.ऐ बस्ने बर्ष ३९ को चादे राई सहेत २ जनालाई **अवैध लागु औषध खैरो हेरोइन २० ग्राम** सहित पक्राउ गरी जि.प्र.का. बाँकेबाट थप अनुसन्धान भई रहेको।













**प्रवक्ता/ सूचना अधिकारी**
(चक्रराज जोशी)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३